विशाल घिमिरे
प्रदेश सचिव

प्रदेश सरकार
पर्यटन वन तथा वातावरण मन्त्रालय,
कोशी प्रदेश, विराटनगर

## Wood Seasoning Plant स्थापना तथा सञ्चालन सम्बन्धी प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः२०८०/११/०३**

यस मन्त्रालयको आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार Wood Seasoning Plant स्थापना तथा सञ्चालन कार्यक्रमका लागि अनुदान कार्यक्रम रहेको हुँदा कोशी प्रदेशमा Wood Seasoning Plant स्थापना तथा सञ्चालन गर्न इच्छुक काठमा आधारित उद्योग सञ्चालन तथा व्यवस्थापनमा अनुभव भएका कानून बमोजिम स्थापित संघ/संस्था/फर्म/समूहहरुबाट दरखास्त आह्वानको लागि प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र यस मन्त्रालयमा तोकिएको ढाँचामा आवश्यक कागजातहरु संलग्न राखी सिलवन्दी प्रस्ताव सहित आवेदन पेश गर्न आह्वान गरिन्छ । प्रस्ताव सम्बन्धि विस्तृत जानकारीको लागि यस मन्त्रालयको वेवसाइट www.motfe.koshi.gov.np हेर्न वा यस मन्त्रालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

| क्र.सं. | कार्यक्रम | कृयाकलाप | एकाई परिमाण | बजेट (रु. ) |
|---|---|---|---|---|
| १ | प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम | Wood Seasoning Plant स्थापना तथा सञ्चालन | १ गोटा | ७०,००,०००।००<br>(रु. सत्तरी लाख मात्र) |

<u>आवश्यक कागजातहरु</u>

क) कार्यक्रमको आवश्यकता र औचित्य, कार्यक्रम सम्पन्न गर्न लाग्ने समय र लागत, सृजना हुने रोजगारी, मितव्ययिता, पारदर्शिता र प्रतिष्पर्धा, कार्यक्रमको दिगोपना, अनुदान रकम लक्षित कार्यमा नै सदुपयोग हुने स्पष्ट कार्ययोजना सहित बुँदा (ख) देखि (ठ) सम्मका विवरणहरु समेटी तयार पारिएको प्रस्ताव पत्र ।

ख) गोलिया काठको चिरान, प्रशोधन मूल्य अभिबृद्धि, उत्पादन विविधीकरण गर्ने उद्देश्यले कानून अनुरुप दर्ता तथा स्थापना भएको प्रमाणित कागजात।

ग) उद्योगले वार्षिक नवीकरण गरेको र गत आ. व. को करचुक्ता प्रमाणपत्र ।

घ) सिजनिङ प्लाण्ट सञ्चालनको ब्यवसायिक योजना ।

विशाल घिमिरे
प्रदेश सचिव

ङ)   पुँजी लगानीको क्षमता खुल्ने प्रमाण ।

च)   भौतिक पुर्वाधारको अवस्था खुल्ने प्रमाण ।

छ)   सिजनिङ प्लान्ट सञ्चालन गरी गरिने उत्पादनको बिबिधिकरणको प्रकार ।

ज)   बार्षिक काठ दाउरा सिजनिङ्ग क्षमता

झ)   सिजनिङ्ग प्लाण्ट सञ्चालनको मोडेल

ञ)   रोजगारी सिर्जनाको क्षमता

ट)   वार्षिक कडा काठ र नरम काठ प्रजाति खपतको प्रस्तावित अनुपात

ठ)   अन्य आवश्यक केहि विवरण भए संलग्न गर्ने ।